प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ८० ॥ २०८१ वैशाख १६ गते आईतबार (28th Apr 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## एक महिनापछि सरिताको शव आइपुग्यो ,तीर्थराजको टुंगो छैन




• लक्ष्मी उप्रेती

झापा । झापा कचनकवल ६ निवासी सरिता गुरुङको शव एक महिनापछि बल्ल युएईबाट नेपाल आइपुगेको छ । तेजबहादुर गुरुङकी श्रीमती सरिताले करिव एक महिनाअघि युएईमा तीनतले घरबाट हामफालेर आत्महत्या गरेकी थिइन् । बिहीवार राति उनको शव आइपुगेर शुक्रवार परिवारले अन्त्येष्टि गरेका छन् । उनी युएईमा घरेलु कामदारको रुपमा काम गर्थिन् । उनले काम गर्ने घरको बृद्धाको हत्या भएपछि त्यसको आरोप आफूमाथि लाग्ने डरले सरिताले हामफालेर आत्महत्या गरेको हुनसक्ने छिमेकीसमेत रहेका पूर्व प्रदेश सांसद बसन्त बानियाँले बताए । दयनीय आर्थिक अवस्थाका कारण सरिता वैदेशिक रोजगारीमा गएकी थिइन् ।

उता मेचीनगर नगरपालिका–८ सुनगाभा टोलका ४३ वर्षीय तीर्थराज तामाङको दुई साताअघि साउदीमा मृत्यु भयो । गत बैशाख १ गते मृत्यु भएका उनको शव अहिलेसम्म नेपाल ल्याउन सकिएको छैन । जसले गर्दा परिवारमा झनै निराशा थपिएको छ । उनकी श्रीमती तारा तामाङले आफ्नो श्रीमानको शब नेपाल ल्याईदिन सम्बन्धित निकायलाई आग्रह गरेकी छन् ।
२२ वर्षदेखि मृतक तामाङ वैदेशिक रोजगारीका लागि साउदी जाँदै आउँदै गरेका थिए । पछिल्लो समय उनी २०७९ बैशाखतिर घर आएर पुषमा पुनः साउदी फर्किएको उनका भाञ्जा राजु तामाङले जानकारी दिए । इरानको सेनाले इजरायलमा गरेको ड्रोन र मिसाइल आक्रमणका बखत डिउटीका क्रममा बम

❖ बाँकी अन्तिम पृष्ठमा

# ज्यानमारा कन्काई नहर: तीन वर्षमा २० जनाको डुबेर मृत्यु

झापा(प्रस)। गत शनिवार कनकाई नहरमा डुबेर शिवसताक्षी नगरपालिका-७ का राजवीर ऋषिदेवकी १४ वर्षीया छोरी सन्जु ऋषिदेवको मृत्यु भयो । नहरमा नुहाउन गएकी बालिका डुबेको अवस्थामा मृत फेला परिन् ।
त्यसअघि गत बैशाख ३ गते शिवसताक्षी नगरपालिका- १० निवासी ओमबहादुर बस्नेतका १२ वर्षीय छोरा विवेक बस्नेतको कन्काई नहरमै डुबेर मृत्यु भयो । शिवसताक्षी- ७ स्थित कनकाई नहरको साईफन जालीमा अड्किएको अवस्थामा बालकको शव फेला परेको थियो ।



कन्काई नहरमा डुबेर बैशाख महिनामा दुईजना बालबालिकाको मात्र मृत्यु भएको होइन, करिव तीन वर्षमा सो नहरमा डुबेर २० जनाको ज्यान गइसकेको छ ।२०८० सालमा ८ जना , २०७९ सालमा ६ जना र २०७८ सालमा ४ जनाको डुबेर मृत्यु भएको हो । २०८० मा मृत्यु हुने सबै ८ जना पुरुष हुन् । त्यसमध्ये दुई जना १४ र १५ वर्षका दुईजना बालक छन् । अरु ३२ , ४६,७० , ७५ , ७७ र ८४ वर्षका हुन् । त्यस्तै २०७९ मा १५ महिना, ११ र १२ वर्षका तीन बालबालिकासहित ६ जनाको ज्यान गएको थियो ।
त्यस्तै २०७८ मा २१ , ३९ , ३९ र ५२ वर्षका एक महिला र ३ पुरुषको मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ । मृत्यु हुनेहरुको तथ्यांकलाई हेर्दा वर्षेनि बढ्दै गएको छ । गर्मीयाममा नहरमा पौडी खेल्न जाँदा धेरै बालबालिकाहरुले ज्यान गुमाएका छन् । त्यस्तै ७० वर्षका माथिका व्यक्तिहरु मादक पदार्थ सेवन गरेर नहरमा चिप्लेर लड्दा मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेका इन्चार्ज प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । त्यसैगरी नहरमै नुहाउन , लुगा धुन , गाईवस्तुलाई पानी खुवाउन जाँदा अप्रिय घटना हुने गरेको उनले बताए ।

### मानवीय क्षति हुन नदिन सचेतना

कन्काई नहरमा हुने गरेको बढ्दो मानवीय क्षति रोक्न प्रहरीले सचेतना कार्यक्रम शुरु गरेको छ । कन्काई नहर भएर बग्ने शिवसताक्षी नगरपालिका वडा नं ७,९, १० र ११ का बासिन्दाहरुलाई प्रहरीले सचेत गराएको प्रहरी निरीक्षक बुढाथोकीले बताए ।‘हामीले स्थानीय बासिन्दाहरुलाई संझाउने बुझाउने गरेका छौं ’ उनले भने । शिवसताक्षीका ती वडाहरुमा प्रहरीले सचेतनासहितको हार्डिङ बोर्ड राख्ने तयारी गरेको छ । वडा कार्यालयहरुसंग समन्वय गरेर प्रभावित वडाहरुमा होर्डिङ बोर्ड राख्ने तयारी गरिएको प्रहरी निरीक्षक बुढाथोकीले जानकारी दिए ।

‘नहर क्षेत्रमा बालबालिका तथा बृद्धाबृद्धाहरुलाई एक्लै जान नदिऔं । नहरमा पौडी खेल्ने, लुगा धुने, नुहाउने जस्ता कार्यहरु नगरौ र गर्न नदिऔं । नहरमा ख्यालठट्टा नगरौं ,अकालमा ज्यान जान सक्छ । नहरभित्र चिप्लो हुनाले पौडीमा दक्ष मानिसको समेत ज्यान जान सक्छ । यदि कोही कसैलाई नहरले बगाएमा वा नहरभित्र डुबेमा तत्कालै नजिकको साथी र प्रहरीलाई खबर गरौं। नहरमा पौडी खेल्न सिक्ने, मनोरञ्जन गर्नेजस्ता जोखिमपूर्ण कार्य नगरौं र गर्न नदिऔं।अमूल्य जीवन जोखिममा पारेर खेर नफालौँ। मादक पदार्थ सेवन गरी नहर वरपर नजाऔं र जान नदिऔं ।’जस्ता सन्देशसहितको होर्डिङ बोर्ड प्रहरीले राख्न लागेको हो ।

# हात्तीपाइले रोगले झापालीलाई जंगली बनाउँदै

• द्रोण अधिकारी

नेपालका सचेत नागरिक बस्ने जिल्लाहरूको नाम आउँदा झापा अग्रणी जिल्ला भनेर चिनिन्छ । तर, केही रोग तथा उपचारको रोकथामको प्रयासमा झापाली नागरिकले गति छोड्दा पिछडिएको जंगली बस्तीको परिचय बनाएका छन् । हात्तीपाइले र कुष्ठ रोगको संक्रमणको वर्तमान दृश्य हेर्ने हो भने झापा जंगली सोच पाल्ने मानिसहरूको भीड भएको पिछडिएको जिल्लाकै रूपमा चिनिन्छ । रोग नियन्त्रणका लागि औषधी खुवाउने अभियानमा यहाँका नागरिकले सहभागिता कमजोर बनाएकै कारण संक्रमण रोकिएको छैन । यसैकारण कोशी प्रदेशमा झापा कुष्ठ रोग र हात्तीपाइले रोगको संक्रमितको संख्यामा पहिलो जिल्लाको रूपमा रहेको छ । हात्तीपाईले (फाईलेरिया) तथा कुष्ठ रोग मानिसलाई शारीरिक रुपमा अशक्त, असमर्थ तथा अपाङ्गता गराउने सरुवा रोग हुन् । हात्तीपाइले एक प्रकारको मसिनो धागो आकारको जुकाजस्तै परजीवीको संक्रमणले गर्दा हुन्छ । यो रोग क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेको टोकाईबाट मानिसमा सर्दछ ।



यसलाई रोक्न सक्ने औषधी दशक अगाडिदेखि संसारभरि पुर्‍याइएको छ तर रोगी या संक्रमित व्यक्तिले औषधि सेवनमा बेवास्ता गर्दा रोग नियन्त्रण हुन नसकेको हो ।
हात्तीपाइले रोगबिरूद्ध झापामा २०८१ बैशाख १६ गतेबाट महाअभियान सञ्चालनमा छ । यो रोगविरुद्ध झापामा १३ औं पटकको अभियान सञ्चालन हुँदैछ । जिल्लाका १५ वटा पालिकाका नौ लाख ६२ हजार आठ सय ६१ जनालाई औषधि सेवन गराउने लक्ष्य लिइएको छ । अभियान सफल बनाउन ८० प्रतिशत बढी मानिसलाई औषधि सेवन गराउनु पर्ने बाध्यता छ । झापामा गत वर्ष औषधि सेवन दर ७८ प्रतिशत रहेको थियो । सन् २०१२ देखि नै झापा जिल्लामा हात्तीपाईले रोगबिरुद्धको आम औषधि खुवाउने अभियान शुरुवात भएको थियो । सबै नागरिकहरुले यो अभियानमा हात्तीपाईले बिरूद्धको औषधि खाएको भए ६ पटकसम्म संचालन भएर यो अभियान स्थगित हुनु पर्ने थियो तर सबै नागरिकले यस रोगको औषधि नखाएकै कारण १३ वर्षसम्म अभियान संचालन भइरहेको छ ।
झापामा अहिले पनि २४ प्रतिशत नागरिक हात्तीपाइले रोगको संक्रमण बोकेर हिडिरहेको स्वास्थ्य कार्यालयको विवरणले देखाउँछ भने झापाको अर्जुनधारा, भद्रपुर र कनकाई नगरपालिका धेरै हात्तीपाइलेका रोगी रहेको स्थानीय सरकारका रूपमा देखिएका छन् । १३ वर्षयता हात्तीपाइले निवारणका लागि अभियान चलिरहे पनि स्थानीय सरकार तथा मातहतका कर्मचारीले सही रूपमा समन्वय गरेर काम गर्न नसक्दा हात्तीपाइले निवारणको सूचकमा असफल भएको देखिएको छ । तथ्यले कोशी प्रदेशमा हात्तीपाइलेको संक्रमण दर नियन्त्रण हुन नसकेको जिल्लामा झापा पहिलो नम्वरमा छ भने तीव्र गतिमा संक्रमित हुने कुष्ठ रोगको प्रभाव रहेको जिल्लामा पनि झापा कोशी प्रदेशमा पहिलो नम्वरमा रहेको देखिएको छ । यी दुवै रोग सामान्य औषधिबाटै नियन्त्रण हुने रोग भए पनि नागरिकले बेवास्ता गर्दा समस्या भएर झापालाई गिज्याइरहेको छ ।
औषधि खुवाइने अभियानमा विगतमा संलग्न व्यक्तिहरू वास्तविक रूपमा अभियन्ता बन्न सकिरहेका थिएनन् । त्यसैकारण अभियान सफल हुन सकेन । त्यसअघि उमेरका आधारमा औषधि सेवन गराइँदै आएको अभियानमा गत वर्षबाट उचाइ नापेर औषधि सेवन गराइँदैछ । उचाइका आधारमा तीन वटादेखि नौ वटासम्म औषधि खुवाइनेछ । अभियन्ताहरू घरघरमा पुगेर औषधि खुवाउने जनाइरहेको स्वास्थ्य कार्यालयले खटाएका स्वास्थ्यकर्मीहरू

❖ बाँकी अन्तिम पृष्ठमा

# इलाम-२ मा ६० प्रतिशत मतदान

इलाम(प्रस) । इलाम क्षेत्र नं २ मा ६० प्रतिशत मतदान भएको छ । शनिवार प्रतिनिधिसभा सदस्यका लागि भएको उपनिर्वाचनमा ६० प्रतिशत मतदान भएको हो ।
यो क्षेत्रमा १ लाख १५ हजार ८८९ मतदाता थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ६९ हजार २८७ मत खसेको छ । गाउँ-गाउँबाट मतपेटिकाहरु संकलन गरिएको प्रहरीले जनाएको छ ।
सबै केन्द्रमा शान्तिपूर्ण मतदान सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । इलाम-२ मा १२ राजनीतिक दलका र ७ स्वतन्त्र गरी १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

❖ बाँकी अन्तिम पृष्ठमा

ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त
• कपाल झर्न नदिने
• नया कपाल उमार्न
• सिल्की बनाउने
• चाया हटाउने
• टाउको चिलाउन रोक्ने
Chemical free no side effects
100% Natural
Price Rs. 1500/-



Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# खनाल र लम्जेललाई तेराख साहित्य पुरस्कार

मेचीनगर । यस वर्षको तेराख महाकवि देवकोटा साहित्य पुरस्कार भारत आसाम मटियावरीका कलाश्री विनोद खनाल र इलाम नगरपालिका -६ का रविमान लम्जेललाई प्रदान गरिएको छ ।

शनिबार धुलावारीमा साहित्यकार तेराख प्रतिष्ठान मेचीनगरले आफ्नो वार्षिकोत्सवको अवसर पारेर कलाकार तथा साहित्यकार खनाल र साहित्यकार तथा अनुसन्धानकर्ता प्राज्ञ लम्जेललाई जनही नगद ४५ हजार र सम्मानपत्रसहितको तेराख महाकवि देवकोटा साहित्य पुरस्कार प्रदान गरेको हो । प्रतिष्ठान दिवंगत साहित्यकार तेजराज खतिवडा (तेराख) को स्मृतिमा स्थापना गरिएको हो ।



कार्यक्रमका प्रमुख अतिथि साहित्यकार केशव आचार्यलगायतले नगदसहित सम्मानपत्र प्रदान गरेका थिए ।सम्मानित व्यक्तित्व कलाश्री विनोद खनालको जीवनीमाथि प्रतिष्ठानकी सदस्य लीना भण्डारी र अर्को व्यक्तित्व रविमान लम्जेलको जीवनीमाथि प्रतिष्ठानका सदस्य तथा लेखनाथ पुस्तकालय चन्द्रगढीका सभापति कृष्ण सुवेदी 'निराकार' ले प्रकाश पारेका थिए । पुरस्कार ग्रहणपछि प्राज्ञ लम्जेलले आफूले प्राप्त गरेको पुरस्कार राशि कृति प्रकाशनमा खर्च गर्ने बताए । यसैगरी, मेचीपारीका अर्का सम्मानित व्यक्तित्व खनालले नेपालमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको महत्वपूर्ण स्थान रहेको र सीमापारी रहेर यसको विकासमा आफू निरन्तर लागिरहेको बताए । उनले सीमापारी बसेर नेपाली लोक संस्कृति संगिनी गीतमा दश हजार महिलालाई शीरमा गाग्रो राखेर नृत्य गराउन लागेको र यस नृत्यलाई गिनिज बुक अफ वर्ल्ड रेकर्ड कायम गर्ने तयारीमा रहेको जानकारी दिए । उनले आफ्ना गीत र मुक्तक प्रस्तुत गरेका थिए ।

यसैगरी, नगद २१ हजार रुपैयाँसहितको मधुसुदन उत्कृष्ट कृषक पुरस्कार मेचीनगर नगरपालिका -९ निवासी कृषक खड्गबहादुर अधिकारी र १५ हजार रुपैयाँको पद्मादेवी उत्कृष्ट छात्रा पुरस्कार धुलावारी नमुना माविबाट कक्षा १२ को परीक्षामा ३ दशमलव ७४ जिपिए प्राप्त गरी उत्तीर्ण हुने छात्रा पवित्रा न्यौपानेलाई प्रदान गरियो । प्रतिष्ठानले हरेक वर्ष यी दुई पुरस्कार पनि प्रदान गर्दै आएको छ । यी दुवैको सम्मानपत्र मुना राणाले वाचन गरेकी थिइन् । धुलावारी माविको सभाहलमा प्रतिष्ठानका अध्यक्ष शिवकुमार पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि साहित्यकार केशव आचार्य, विशेष अतिथि प्राज्ञ सुभद्रा भट्टराई, प्रतिष्ठानका संरक्षक लेखनाथ खतिवडालगायतले सम्मान गरेका थिए । कार्यक्रममा 'आँखैमा राख्छु मेरो देश, मुटुमा राख्छु मेरो देश' बोलको गीतमा नृत्य गरेर आस्था खतिवडा र पूर्णिमा सुवेदीले स्वागत गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका संरक्षक लेखनाथ खतिवडाले तेराख प्रतिष्ठानको संक्षिप्त परिचय दिएका थिए भने कार्यक्रमको औचित्यमाथि प्रतिष्ठानका अध्यक्ष शिवकुमार पौडेलले प्रकाश पारेका थिए ।

कार्यक्रममा दार्जिलिङका कलाकार अनिल प्रधानले आफ्नै शब्द संगीतमा रहेको 'आउनुहोस् है साथी नेपाल घुम्न जाउँ' बोलको गीत प्रस्तुत गरेका थिए भने नाटककार टंक काफ्लेले नाटकको अभिनय गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि आचार्य, विशिष्ट अतिथि भट्टराई , सञ्चारकर्मी चन्द्र भण्डारीलगायतले बोलेका थिए । प्रतिष्ठानकी उपाध्यक्ष दुर्गा खतिवडाले स्वागत गरेको कार्यक्रमलाई सचिव जय भण्डारी र सहसचिव मुना रानाले संयुक्तरुपमा सञ्चालन गरेका थिए ।सोही अवसरमा प्रतिष्ठानले प्रकाशन गरेको २०८१ सालको क्यालेण्डर विमोचन गरिएको थियो ।

# अग्निपीडितका लागि २२ घर बन्ने

झापा(प्रस) ।मोरङको रङ्गेली -३ स्थित बाबुसाहेव टोलको सन्थाल बस्तीका अग्निपीडितलाई नगरपालिकाले घर निर्माण गरिदिने भएको छ । बाबुसाहेव टोलमा गत चैत ३ गते आगलागी हुँदा टोलका २३ घर जलेर नष्ट भएका थिए ।

रङ्गेली नगरपालिकाको विपद् व्यवस्थापन समितिको शुक्रबार बसेको बैठकले २२ वटा घर बनाएर पीडितलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ । अग्निपीडित प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७७ अनुसार घर निर्माणको प्रक्रिया अघि बढाएको हो । अग्निपीडितले क्षति पुगेका निजी आवासको क्षति विवरण नगरपालिकामा पेश गरेपछि नगरले अग्निपीडितलाई पुनर्स्थापनाको प्रक्रिया अघि बढाएको थियो । कार्यविधिको दफा



३ बमोजिम लाभग्राही पहिचानको काम सकिएको वडाध्यक्ष भरत प्रसाईंले बताए । पहिचान गर्ने क्रममा एक जना अग्निपीडितको अर्को स्थानमा पनि पक्की घर देखिएकाले अब २२ जना पीडितको घर मात्र बन्ने उनले बताए ।

कुल ६ लाख ५५ हजार रुपियाँमा निर्माण हुने घरका लागि कोशी प्रदेश सरकारले ३० प्रतिशत खर्च व्योहोर्ने छ । यस्तै स्थानीय सरकारले १४ प्रतिशत खर्च व्योहोर्ने भएको छ भने संघीय सरकारले ५५ प्रतिशत हुन आउने रकम तीन लाख ५५ हजार उपलब्ध गराउने छ । घर निर्माणका लागि डेमिडेनस र लुथरन वर्ल्ड फेडेरेसनले समेत सहयोग गर्ने भएका छन् । घरसँगै अलग्गै भान्छा कोठा, ट्यूववेल र शौचालय निर्माण हुनेछ ।

नगरपालिकाले बस्ती पुनर्निर्माणका लागि सर्वसाधरणसँग क्युआर कोड मार्फत सहयोग आह्वान गरेको थियो । हालसम्म क्युआर कोड मार्फत ६ लाख १५ हजार रुपियाँ नगद सङ्कलन भइसकेको छ । अग्नि पीडितहरूलाई वर्षायाम सुरु हुनु अगावै घर हस्तान्तरण हुने गरी काम गर्ने नगर प्रमुख दिलिपकुमर बगडियाले बताए । बगडियाका अनुसार घामपानी छल्नेसम्मको घर असारमै बन्छ, बाँकी काम दशैंसम्ममा सकिन्छ ।

### इलाम–२...

सो क्षेत्रमा एमालेका सुहाङ नेम्बाङ, कांग्रेसका डम्बर खड्का, रास्वपाका मिलन लिम्बू र पहिचानवादी साझा स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिमबीच मुख्य प्रतिस्पर्धा हुने आँकलन छ ।

निर्वाचन आयोगले इलाम २ को उपनिर्वाचनको मतगणना शनिबार रातिदेखि सुरु गर्ने तयारी भइरहेको जानकारी दिएको छ । त्यस्तै, बझाङको प्रदेशसभा सदस्यका लागि भएको उपनिर्वाचनको मतगणना भने आइतबारमात्रै सुरु हुने आयोगले जानकारी दिएको छ ।

आयोगका प्रवक्ता रामदत्त पाण्डेयका अनुसार इलामको मतगणनाको तयारी भइरहेको छ । मतदानको विवरण आयोगको सूचना प्रणालीमा प्रविष्टी हुनेक्रम जारी रहेको उनले जानकारी दिए ।

### एक...

लागेर तीर्थराजको मृत्यु भएको परिवारजनले जनाएको छ। मृतक तामाङ भेडाका लागि आवश्यक दानापानी गोठमा पुर्‍याउने सवारी चालक रहेका थिए ।

मेचीनगर नगरपालिकाका कार्यपालिका सदस्य चित्रकुमार धिमालले तीर्थराजको मृत्युको खवरले पुरै गाउँ शोकमा डुबेको बताए ।

घरको आर्थिक अबस्था कमजोर भएपछि रोजगारीको खोजी गर्दै साउदी गएका तीर्थराजको मृत्यु भएपछि उनको परिवारको बिचल्ली भएको छ । मृतक तामाङका श्रीमती तारा , २० वर्षका छोरा मनोज र १७ वर्षकी छोरी श्रृष्टिका रहेका छन् ।

### हात्तीपाइले ...

कागजी रूपमा औषधि वितरण चुस्त पारेर सुविधा भोग गरिरहेको नियामकले चाल पाउन नसक्दा रोग निदान प्रभावकारी कार्यान्वयन हुन सकेन । घरघरमा त के टोलको कुनै एक स्थानमा समेत स्वास्थ्यकर्मीले बसेर औषधि वितरण गर्न नसकिरहेको विगतको वास्तविक अवस्थाले हात्तीपाइले निवारण महाअभियान विगतमा कागजी घोडा बन्ने गरेको थियो ।

संक्रमण भएको लामोसम्म लक्षण नदेखिने भएकाले हात्तीपाइले रोगविरुद्धको आम औषधि सेवन अपेक्षाकृत सफल हुन सकेको छैन । विगतको १२ औं पटकसम्मको अभियान सफल नहुनुको कारण नबुझेर हो कि कार्यान्वयनमा बेवास्ता गरेर हो हात्तीपाइले बिरूद्धको अभियान सफल हुन सकिरहेको छैन । अब झापा जिल्लाबाट हात्तीपाइले रोग निवारण गर्ने उद्देश्यले जोडतोडका साथ लागिएको जनाउने स्वास्थ्य कार्यालयको यस वर्षको काम पनि चुस्त दुरूस्त र प्रभावकारी अनुगमन निरीक्षण भएन भने लक्ष्य पूरा गर्न सक्ने छैन । गत वर्ष झापामा ७८ प्रतिशतले औषधि सेवन गरेको तथ्यांक कागजी रूपमा देखिए पनि व्यवहारिकता त्यस्तो नभएकै कारण रोग निर्मुल हुन नसकेको हो । अभियान सफल बनाउन यस पटक ८० प्रतिशतभन्दा बढी लक्ष्य हासिल गर्नु पर्ने देखिए पनि व्यवहारतः यस पटक पनि कागजमै त्यो काम बन्ने हो कि भन्ने शंका छ ।

झापाजस्तो सचेत नागरिक रहेको जिल्लाभित्रै हात्तीपाइलेबिरूद्ध औषधि खुवाउने अभियान व्यबहारिक कम र कागजी बढी मात्रामा भइरहेको विगत छ । जिल्लाका अधिकांश पालिकाभित्रका वडाका टोलटोलमा औषधि सेवन गराउने काम लक्षअनुरूप भएकै थिएन । जनचेतनाका लागि आवश्यक प्रचारप्रसार गर्ने गरिएको छैन । सूचना प्रसारका लागि आएको रकम अनुसार कुनै काम नै नगरिएका कारण औषधि सेवन गर्न जिल्लाबासी जागरूक हुन सकेका छैनन् । औषधि बिरूद्धमा भ्रम पालेर सेवन गर्न नपर्ने भन्दै तर्किरहेका छन् भने स्वास्थ्यकर्मी आफ्नो जिम्मेवारी खटाएको स्थानमा पुग्ने मात्र ठानेर बसिरहँदा कागजमा औषधि लक्ष्यअनुसार खुवाएको देखिए पनि व्यवहारतः औषधि सेवनको अवस्था नाजुक नै थियो । औषधि वितरण अभियान कागजी मात्र हो कि हात्तीपाइले निवारण पनि हो विगतमा प्रश्न उठेको छ । अबको अभियानमा जिम्मेवारी लिएकाहरूले सोचेर काम अगाडि बढाउन सकेनन् भने यस वर्ष पनि लक्ष्य पूरा नहुन सक्छ । यसैले जिम्मेवारीमा रहेकाहरू यो अभियान सफल नभएसम्म भोक निन्द्रा बिर्सिएर कार्यस्थलमा खटिनै पर्छ । कागज बनाएर होइन काम गरेर अभियान सफल भयो भने नागरिकले रोगबाट मुक्ति पाउलान् । यसकारण पनि हिजोका सवै गल्ती सच्याउनै पर्ने छ । सरकारी काम कहिले जाला घाम भन्ने उखानको शैली अपनाएर अभियान सञ्चालन भए रोगमुक्त समाज बन्न सक्दैन ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा पठनपाठन गराइने, आफ्नै निजी भवन र खेल मैदानको प्रवन्ध भएको यस नवोदय शिक्षा सदन (इन्भेन्चर किन्डर हाउस)मा कक्षा नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुलेको सबैलाई जानकारी गराउँदछौं ।

**कक्षा ९ मा भर्ना हुनेलाई विशेष छुटको व्यवस्था गरिएको छ ।**

**नवोदय शिक्षा सदन**
बिर्तामोड ३, झापा
फोन : ०२३–५९१३२८ / ९८१६०५३६०१

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।



**हात्तीपाइले रोगका लक्षणहरू**
- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

**वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स–साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।**

**सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।**

**वन डढेलो लाग्न नदिन,**
- **वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।**
- **खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।**
- **जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।**
- **स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।**
- **सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।**
- **आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।**

**स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।**

**तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।**

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९

## ऋण चुक्ता गर्ने बारेको सूचना

**यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको शेयर सदस्यहरुले लिएको ऋण रकमको भाका नाघिसकेको ऋणीहरुलाई पटक–पटक लिखित तथा मौखिक तागेता गर्दा पनि आलटाल गरिरहनु भएकाले यही २०८१ बैशाख मसान्तसम्ममा ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता गर्न संस्थामा आउन जानकारी गराउँदछौं । सो समयसम्ममा पनि ऋण चुक्ता नभएमा संस्थाको विनियम २०६५, संशोधित २०७२, कर्जा नीति नियम कार्यविधि–२०७२, सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार ऋण असुली प्रक्रिया अगाडि बढाई स्थानीय पत्र–पत्रिकामा तीनपुस्ते नामसहित प्रकाशित गरिने छ ।**

ऋण उप–समिति
**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड -४ झापा
मो. ०३२–५३२२३२, ५३६४८४

नयाँ बर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८१** शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**Admission Open**

*शैक्षिक सत्र २०८१ का लागि कक्षा १ देखि कक्षा ८ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं । शहरको कोलाहलबाट टाढा, शान्त वातावरणमा अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने भएकाले आफ्ना नानीहरूलाई आजै भर्ना गराउनुहोला । अब केही सिट मात्र बाँकी रहेको समेत जानकारी गराउँदछौं ।*




Our Features:-
- Community based learning
- Suitable learning environment
- Computer lab with computer trainer
- Regular Extra Curricular activities
- Transportation Facility
- Day boarders facility
- Separate play station for pre - primary

**हिमाली एजुकेशन फाउण्डेशन**
अर्जुनधारा -६, झापा
फोन : ०२३–५४२८३२ /९८४२७१०८३२


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३–५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन
अभिव्यक्ति

कविता

# बुढो पेपरबार्कको रुख



• कोमल खतिवडा

बुढो पेपरबार्कको रुख छ
मेरो घरको अगाडि एउटा
बिहान काममा जाने बेला
र
साँझ आउने बेला
मलाई उसले
सलाम ठोकेझैँ लाग्छ
म यसो ऊतिर हेर्ने गर्छु
सोच्ने गर्छु, म पनि सलाम ठोकौँ ?
अनि मनमनै आफ्नै कुरामा मुस्कुराउँछु

अचम्मको रुख हो यो
पात मात्रै हैन
बोक्रा पनि फेर्छ यसले, हो बोक्रा पनि !
नयाँ बोक्रा भित्रबाट निकाल्दै
पुरानो बोक्रा बिस्तारै बिस्तारै
बाहिर फाल्छ, थाहै नपाई

अनि म सम्झिन्छु
यसरी बेला-बेला बोक्रा फेर्ने हो भने
म मात्रै हैन संसारमा धेरै प्राणी
पुनः ताजा हुन्थे होलान्
समयानुसार आफूलाई ढाल्थे होलान्
प्राणी मात्रै हैन संघ, संस्था वा पार्टी पनि
लाग्छ कि बोक्रै नफेरेर नेपालका राजनीतिक पार्टी बुढा भै सके धेरै
न पूर्ण छायाँ दिन्छन्, न भरपूर फल दिन्छन्
न अरु बोट नै उम्रिन दिन्छन्
अनि, न आफैँ बोक्रा फालेर पुनर्जीवित हुन्छन्
अग्लो यो रुख
हरेक शरद ऋतुमा
वास्नादार लटरम्म सेताफूलहरूको उद्‌गमस्थल
असंख्य लोरिकिट (सुँगा) हरूको चरन अनि, प्रेमालाप स्थल
झिसमिसेमै जहाँ ती पंक्षीहरूका आकर्षक रङरूप देख्न पाइन्छ
र सुरबेसुरका गीत सुन्न पाइन्छ
अनि, त्यो बेला
तिनका चर्का गीतले हरेक दिन
मेरो निद्रा अनायसै बिथोलिदिन्छ

जब बिउन्झिन्छु, एक छिन रिस उठ्छ
फेरि उनीहरूको रमाइलो बुझ्ने कोसिस गर्छु
तिनका चियागफ हुन कि, वनभोज हो कि, गजल मुशायरा पो हो
कि भनी सम्झिन्छु
त्यसपछि फेरि आफैँलाई आनन्द लाग्छ
लाग्छ कि, म पनि लोरिकिट भै दिए
जीवन क्या सुन्दर हुन्थ्यो !

मैले धेरे पटक त्यो रुख
काटुँ कि भनेर सोचेँ
किनकि
हरेक दिन अनगिन्ती झरेका पात सोहोर्नु पर्ने
उप्किएका बोक्रा पनि फाल्नु पर्ने
फेरि सोचेँ
पात सोहोरे पनि
बोक्रा फाले पनि
यसले गर्मीयाममा भरपूर शितलता त दिएकै छ
शरद ऋतुमा बास्नादार फूल दिएकै छ
सित्तैमा लोरिकिटको
रमाइलो पनि थपेकै छ
त्यसैले जोगाएको छु
त्यसैसँग रमाएको छु

त्यसैले अजर अमर होस्
मेरो पहरेदार
मेरो प्यारो
बुढो पेपरबार्कको रुख !

*सिड्नी, अस्ट्रेलिया*

# अन्ततः टुंगाएँ सम्बन्ध!



• यमुना अर्याल (काफ्ले)

हालै सम्बन्ध बिच्छेद गरेकी एक जना दिदी थोरै दुःखी, धेरै खुसी हुनुहुन्थ्यो।
'समाजले के भन्छ? आफन्तले के भन्छन् ? साथीभाइले के भन्छन् ? यही चारैतिर सोच्दासोच्दै एघार वर्ष बित्यो बहिनी अब म बाँच्नुपर्छ, केही गर्न सक्नुपर्छ, दुई बच्चाको भविष्य हेरेर भए पनि दुई मुठी सासको टेको लगाउनुपर्छ भन्ने भावना दिलदेखि अकुंरायो अन्ततः सम्बन्ध टुंगाएँ।
मेरो सम्बन्ध मेरो श्रीमानको लागि खासै मूल्यवान थिएन, उनको लागि म हुनु र नहुनुको खासै अर्थ पनि थिएन। श्रीमानले सोच्थे होला, रूपमा राम्री भए पनि, पढेलेखेकी भए पनि मैले सिन्दुर हालेर भित्राएपछि यसको चुरीफुरी सकियो। अलिअलि बाँकी भएको चुरीफुरी दुई वटा बच्चा पाएपछि झनै सकियो। अब यसलाई कसैले लाँदैन, यो कहीँ जाँदिनँ, मैले जे ग रेपनि हुन्छ, जसो गरे पनि हुन्छ। सहनुको सीमा हुन्छ, पीडा भोग्नुको पनि अवधि हुन्छ जब सबै सीमाहरूले लक्ष्मण रेखा पार गर्न थाल्छन् ज्वालामुखी आफै विस्फोट हुन थाल्दो रहेछ।'
उहाँ दिदी शिक्षित हुनुहुन्छ, आफ्नै व्यवसाय छ। आठ र दश वर्षका छोराछोरी छन्, बाउले जस्तो व्यवहार गरे पनि छोराछोरीलाई राम्रो संस्कार दिएर हुर्काउनु भएको छ, पढाउनु भएको छ।
दिदीको कहानी निकै दर्दनाक छ।
'प्रतिष्ठित संस्थाको उपल्लै ओहोदाका श्रीमान बिहेको केही वर्षसम्म राम्रै आदतका थिए। उनी कुनै लतमा फसेका थिएनन्। जब पहिलो बच्चा छोरी जन्मिइन् त्यसपछि भने श्रीमानको व्यवहार परिवर्तन हुन थाल्यो। सुत्केरी बस्न माइती गएकी श्रीमती सकेसम्म घरमै नआइदियोस् भन्ने मनसाय राख्न थाले। फोन गरीगरी अझै दुई चार महिना माइतीमै बस, मेरो बाहिर सरूवा भएको छ, घरमा तिमीलाई सानो बच्चासँग गाह्रो हुन्छ ..... । यस्ता यस्ता कुरा गर्दै टारिरहन्थे, अरूका श्रीमानहरू देख्थेँ बैनी, सानो बच्चाको मायाले कतिपटक ससुरालीमै भेट्न आउँथे, एक महिना पनि माइतीमा बस्न नपाई लिन आउँथे तर आफ्नो श्रीमानको व्यवहार पूरै फरक .... । तर मनले पाप सोचेन, माया गर्थें, त्यतैतिर मात्रै सोचेँ।
छोरी पाँच महिनाकी भइन्, मेरो आमाबुवाले पनि नानीको पास्नी गर्नुपर्छ, सकेसम्म पास्नी आफ्नै घरमा गर्ने हो, ज्वाइँलाई साइत जुराएर खबर गरौं भन्नुभयो। पण्डितजीलाई साइत हेराएर श्रीमानलाई फोन गऱ्यौं, आफू व्यस्त भएको, पछि फोन गर्ने भन्दै फोन काटे। साँझ फोन आयो, सबैकुरा बुवाआमाले बताउनुभयो।
'ओहो छोरीको पास्नीको बेला भइसक्यो है। लक्ष्मीको पास्नी धुमधाम गर्नुपर्छ, के के चाहिन्छ बुवाआमा,' भन्दै निकै आज्ञाकारी बने।
'विधि गर्ने हो आफ्नो छोरीको लागि केके गर्न मन लाग्छ त्यो तपाईंको मर्जी' भन्नुभयो बुवाले।
हाम्रो घर नजिकैको पार्टी प्यालेसमा नानीको पास्नी गर्ने कुरा भयो। घरपरिवारका आफन्त जम्मा भएर घरमै गरौंभन्दा पनि श्रीमानले जिद्दी गरे। एउटा छोरीको पास्नी पनि धुमधामसँग मनाउन सकिएन भने बाउ भएको के अर्थ? मेरो बुवाआमाले पनि ज्वाइँको उदार स्वभावको निकै चर्चा गर्नुभयो।
साइत अनुसार नानीको पास्नी धुमधाम भयो। श्रीमानको अफिसका सबै स्टाफ आएका थिए। एक जना महिला कर्मचारीले नानीलाई बाला बनाएर ल्याइदिएकी रहिछन्, बाला लगाइदिइन्, छोरीलाई उचालिन्, चम्चाले अलिकति खानेकुरा खुवाइदिइन्। मलाई तपाईंको स्वास्थ्य कस्तो छ? के छ? निकै सोधीखोजी गरिन्, बोलीचाली निकै राम्रो लाग्यो। अब हामी जान्छौं है म्याडम जाने बेलामाधरी मेरो छेउमा आएर बिदा मागेर गइन्। घर, माइती, वरपरका साथीभाइ छरछिमेकी सबै जनाको उपस्थितिमा नानीको पास्नी धुमधाम भयो।
सबै आफन्तलाई बिदाइ गरेपछि हामी घरमा गयौं। घर पाँच महिनाअघि र पछिमा धेरै फरक थियो। हुन त महिला नबसेको घर, महिलाले सरसफाइ नगरेको घर सबैको यस्तै हुन्छ भन्ने लाग्यो। म हुँदै ल्याएको चामल जत्तिको त्यति थियो, दालका बट्टामा दाल जत्तिको त्यति थियो। कुनै सामान घटेको थिएन। पाँच महिनासम्म श्रीमानले के खाए त? कौतुहलता बढ्यो। अनि सोधेँ, मेरो प्रश्नमा मौन बसे।
एकैछिनपछि बोले, एक्लो ज्यान अफिसमा गयो क्यान्टिनमा खायो आयो, भाँडा माझ्नु पनि परेन, पकाउने झन्झट पनि भएन। पकाउने काम यतिविधि गाह्रो लाग्थ्यो भने म आउँछु भन्दा किन नआउनु भनेको त? सधैंभरी बाहिर खाएर साध्य लाग्छ? एकातिर पैसा खर्च, अर्कोतिर स्वास्थ्यको हालत के हुन्छ? आफ्नो ख्याल गर्नुपर्दैन? कराएँ पनि, तर केही बोलेनन् सुनिरहे मात्रै।
दुई चारदिनपछि म अफिसको कामले बाहिर जानुछ, पन्ध्र बीस दिन लाग्छ होला भने। अस्ति भर्खर बाहिरै गएको होइन र? तपाईंको अफिसमा तपाईंलाई मात्रै बाहिर गइरहनुपर्छ? अरू स्टाफ जानु पर्दैन? अरूका बालबच्चा, घरपरिवार हुन्छन् कि हुँदैनन्? मेरो कुरामा केही नबोली बसे। के गर्नु? अर्काको नुनपानी खाएपछि नुनको सोझो गर्नैपऱ्यो, मुखले भनेजस्तो व्यवहार भाँती पुऱ्याउन गाह्रो छ ... बस यति भनेर बाहिर निस्के।
पहिले निकै बोल्ने, कुराकानी गरिरहने मान्छेको स्वभाव फेरिएको छनक पाएकी थिएँ तर मान्छेको स्वभाव हो सधैं एकनास कहाँ हुन्छ र? भन्ने पनि लाग्थ्यो। यस्तै क्रम दुई वर्षसम्म चल्यो।
दुई वर्षपछि म फेरि गर्भवती भएँ। पहिले जस्तो स्वास्थ्यले साथ दिएन, धेरै बिरामी परेँ। म हस्पिटलको बेडमा हुँदा पनि श्रीमान अफिसको काम एकदिन छुटाएनन्। आलोपालो सबै आफन्तहरू अस्पतालमा बसे। बाबु जन्मियो, सबै आफन्तले भन्थे, भगवानका प्रसाद, छोराछोरी भइहाले, सन्तानको रहर पूरा भयो। म पनि खुसी थिएँ, एकैचोटि छोराछोरी हुर्काउँछु त्यसपछि नयाँ जागिर सुरू गर्छु भनेर।
प्राइभेट बैंकको जागिर थियो, पहिलो बच्चा जन्माउने बेलामा छोडिदिए, योग्यता छ, अनुभव छ जागिर पाइहाल्छु भन्ने आत्मविश्वास थियो। बाबुको न्वारान गरिसकेपछि दुई वटै बच्चा लिएर माइती गएँ। माइतीमा दुई महिना बसेँ, दुई महिनामा एकदिन पनि श्रीमान छोराछोरी भेट्न आएनन्। कहिलेकाहीँ फोन गर्थे। म अफिसमा व्यस्त छु, फिल्डमा छु, हाकिमले फलानो काम दिएर बाहिर पठाएको छ ..... यस्तै भनिरहन्थे।
यसपालि त बाबुको पास्नीभन्दा अगाडि नै लिन आउनुहुन्छ होला नि? मेरो कुरालाई हाँसेर टारे।

नानीको धुमधामसँग पास्नी गरिहाल्यौं, बाबुको घरमै पास्नी गर्ने, दुनियाँलाई खुवाएर के पाउनु छ र? धेरै खर्च हुँदैन। श्रीमानको कुरा ठीकै लाग्यो, परिवारका आफन्तहरू जम्मा भए भइहाल्छ भन्ने लाग्यो। बाबु तीन महिनाको भएपछि श्रीमान मलाई लिन आए, छोराछोरी लिएर घर गएँ। छ महिनामा बाबुको पास्नी गऱ्यौं, सीमित आफन्तको बीचमा। पास्नी सकिएको एक हप्तापछि फेरि बाहिर जानु छ भन्दै श्रीमान गए।
मलाई साह्रै नै चासो लाग्यो, बिहे गर्नुभन्दा पहिलेदेखि नै त्यो अफिसको बारेमा थाहा थियो, पहिले त्यस्तो नहुने अहिले कसरी अफिसको काम एकाएक बदलियो भन्ने लाग्यो। अफिसमा फोन गरेँ। साइड अफिस भए/नभएको बारेमा बुझेँ, शाखा कहीँ पनि रहेनछ। केही न केही त छ भन्ने लाग्यो, पन्ध्र दिनपछि श्रीमान आए। मैले सोधेँ- तपाईंको कस्तो फिल्ड हो? अफिसको कुनै शाखा बाहिर नहुने तपाईंको काम मात्रै बाहिर पर्छ? साँचो कुरा के हो? इस्यू यहीँबाट सुरू भएको हो।
मेरो अफिस कस्तो हो? के हो? घरमा बसेर अनावश्यक जासुसी गर्नुको मतलब के हो? निकै झर्कोफर्को गर्न थाले। म नबोली बसेँ। त्यसपछि निकै ख्याल गर्न थालेँ, फोन कतिबेला आउँछ, कस्को कस्तो कुराकानी हुन्छ? कतिबेरसम्म फोनमा बोल्छन् ....यी विषय मेरो केन्द्रमा पर्न थाले।
एकदिन राति बाबुको डाइपर फेरिदिएर दूध खुवाउँदै थिए, बाहिर गुनगुन आवाज आएको सुनेँ, बाहिर पिँढीमा बसेर कुराकानी गरेका रहेछन्। घडी हेरेको पौने १ हुँदैथियो। यति राति कुराकानी कोसँग हुन्छ? ओछ्यानमा श्रीमती र दुई वटा बच्चा छन्, श्रीमान बाहिर फोनमा मस्त छन्। निदाएको जस्तो गरी सबैकुरा निगरानी गरेँ। एक सातासम्म निगरानी गर्दा हरेक दिन एकै समयमा बाहिर निस्केर फोन गरेको देखेँ।
एकदिन खाना खाने बेलामा सोधेँ, आज बच्चाहरू लिएर कतै पार्कतिर घुम्न जाऔँ न, अफिसमा फुर्सद छ नि? आज शनिबार यसै पनि बिदाको दिन हो। मेरो कुरामा केही बोलेनन्, एकैछिन पख म अफिसमा फोन गर्छु, कतै अपझर्ट जानुपर्ने भयो भने तुरून्तै गइहाल्नुपर्छ।
अब चाहिँ श्रीमानको नियत गलत छ भन्ने प्रमाणित हुँदैथियो। शनिबार कुनै पनि काम हुँदैन, इमर्जेन्सी प्रकृतिको काम गर्ने अफिस पनि होइन। मेरो भाइलाई सबै कुरा बताएँ। उसलाई भिनाजूको वास्तविकता बुझ्न भनेँ। बुवाआमालाई केही भनेकी छैन, कसैलाई केही सुनाएकी छैन। बिना प्रमाण कसैलाई आरोप लगाउनु अपराध हो भन्ने मनमा थियो। दुई महिनाको निगरानीपछि म छाँगाबाट खसेजस्तै भएँ। जिन्दगी सकियो भन्ने लाग्यो। आफूले सारा जिन्दगी सुम्पिएको श्रीमान अर्कैको भइसकेको छ भन्ने थाहा पाउँदा कुन चाहिँ महिलालाई पीडा हुँदैन होला? भर्खरका दुई वटा लालाबाला घरमा छन्, श्रीमान त कान्छी लिएर बन्दोबस्त गरिसकेका रहेछन्, कान्छीतिरको छोरै तीन वर्षको भइसकेको रहेछ,' कुरा सुनाउँदै गर्दा धेरै पटक दिदी भक्कानिनुभयो।
'म मरौं कि बाँचौं बहिनी? मेरो हालत के भयो होला? काखका साना बच्चा छन्, श्रीमानको त्यो अवस्था थाहा पाउँदा मेरो मानसपटलमा के घुम्यो होला? छोरीको पास्नीमा जसले बाला बनाएर ल्याएकी थिई, उही कान्छी बनेकी रहिछ। महिलाको शत्रु महिला हुन् भन्नेका शंका छैन, त्यो महिलालाई घरमा श्रीमती छ, बच्चा छन् भन्ने थाहा हुँदाहुँदै कान्छी बन्नुपर्ने कस्तो महिला अधिकार हो? त्यत्रो अफिसकी कर्मचारी थुइक्क.... बुद्धि!,' दिदीले पटकपटक धिर्कानुभयो।
'बेलाबेलामा लाज पचाएर घर आउने, अनेक बहाना बनाउने जाने गर्थे। मैले केही भनेकी थिइनँ। माइती गाउँकै दाइ वकिल हुनुहुन्थ्यो उहाँलाई बोलाएँ। के गरौं दाइ? यो सम्बन्ध म कसरी स्वीकार गरौं? तपाईंले बाटो देखाउनुस् भनेँ। अब अति नै भएपछि बुवाआमालाई पनि भनेँ, घरको कुरा घरमै मिलाउनुपर्छ बाहिर नभन भन्नुभयो। ज्वाइँलाई हामी सम्झाउँछौं भन्दै काका, मामाहरू लाग्नुभयो।
मेरो आत्माले माया मारिसक्यो, मृत शरीरलाई अमृतको घडाले भरे पनि प्राण आउँदैन भन्ने लागिसक्यो। छोराछोरीको भविष्य सम्झेर केही नबोली बसेँ, बाबा भन्दै वरैबाट झम्टिने छोराछोरीको अवोधपनलाई सम्झेर हतारमा निर्णय गर्न सकिनँ। यो बीचमा डिप्रेसनमा पनि पुगेँ। अध्यात्म, ध्यान, योग अनेक जुक्ति अपनाएर डिप्रेसनबाट मुक्ति पाएँ। म लड्नुपर्छ, हिम्मत हार्दिनँ भन्ने अठोट लिएँ। दुई वटा बच्चाको लागि भए पनि बाँच्नुपर्छ भन्ने लाग्यो। पीडैपीडामा सम्बन्ध जोगाउन यतिका वर्ष गुजारेँ। सम्बन्ध जोगाउने ठेक्का सायद भगवानले मेरै भाग्यमा पारेका रहेछन्, म चाहिँ जोगाउन लागिरहने, श्रीमानले जे गर्दा पनि सहिदिनुपर्ने? यो कस्तो संस्कार हो? यदि बच्चा हुँदैनथे भने थाहा पाएको भोलिपल्टै डिभोर्स दिइसक्थेँ तर बच्चाको मुख हेरेर पीडादायी सम्बन्धको नाता जोगाएँ।
नन्द, आमाजू, सासूससुरालाई छोरा, भाइको कर्तुतको कुनै लज्जा छैन। बुहारी गतिली भएको भए बाहिरबाहिर चहार्न जान्थ्यो र? मर्दका दशवटीसम्म हुन्छन् त भन्ने सम्मका कुराहरू सुनेँ। बच्चाहरूलाई बिस्तारै बिस्तारै सिकाएँ, छोरी अहिले दश वर्षकी भइन्, निकै बुझकी छिन्। मेरो आमालाई पीडा दिने बाबा चाहिँदैन, मलाई आमा भए पुग्छ भन्ने आभास उनको दिमागमा परिसक्यो। बाबु आठ वर्षको भयो, ऊ पनि धेरै बुझकी छ। सबैतिर बुझेर सम्बन्धको ठेक्का रद्द गरेँ बैनी।

आफ्नो व्यवसाय छ, मेरो भागमा परेको एउटा घर छ, घर भाडाले बच्चाको स्कुल फी, महिना दिनसम्म खाना खान पुग्छ। अति भएपछि माइतीले पनि मेरो साथ दिए। भान्जाभान्जी पढाउने जिम्मा मेरो भनेको छ भाइले। जिन्दगी पीडामा जिउने कि स्वतन्त्रतामा जिउने भन्ने जिम्मा आफ्नो हो। म जस्ता पीडा भोग्नेहरू धेरै छन् बैनी, लोग्नेले धोका दिँदैमा हार खानुहुँदैन, हिम्मत गरेर बाँच्नुपर्छ भन्ने पाठ सिकाउनको लागि भए पनि यो पीडा लेखिदेऊ है।'
दिदीको हृदयविदारक तर आत्मविश्वास भरिएको कहानी धेरै महिलाको जिन्दगीमा मेल खाने देखेर उजागर गरेकी हुँ। दिदीको हिम्मतलाई सलाम छ !

# सिमकार्ड दुरुपयोगका असर



• अच्युतकुमार ओझा

केही समयअघि कपनकी एक महिला आफ्नो बैङ्क खाताको रकम हराएको भन्दै नेपाल प्रहरीमा निवेदन लिएर गएकी थिइन् । घटना अध्ययन गर्दै जाँदा उनले चलाउने सिमकार्ड श्रीमान्का नाममा भएकाले उनले नै निकालेर आफ्नो खाताको रकम चोरी गरेको देखियो । खासगरी पछिलो समय दम्पतीको सम्बन्ध बिग्रिएको र पत्नीले पतिका नामको सिमकार्ड प्रयोग गर्दा यो घटना भएको देखिन्छ ।

यस्तै भक्तपुरका एक व्यवसायीको आफ्नो बैङ्क खाताबाट रकम चोरी भएको भन्दै उजुरी पऱ्यो । अनुसन्धान गर्दा ती व्यवसायीको मोबाइलमा कुनै ओटिपी (वन टाइम पासवर्ड), पिन (प्रसनल आइडेन्टिफिकेसन नम्बर) कोड र पासवर्ड आएको देखिएन । केवल केही मिसकल मात्र देखियो तर पैसा उनको खाताबाट झिकिएको थियो । यसरी ओटिपी वा पिन कोडसम्बन्धी ग्राहकलाई नगई मिसकल आएका भरमा बैङ्क खाताबाट रकम चोरी गर्न साइबर अपराधीले 'सिम स्वाप फर्ड' प्रविधि प्रयोग गरेको देखियो । यी दुवै प्रतिनिधि घटनाको मूल कारण सिमकार्डको दुरुपयोग हो ।

नेपाल राष्ट्र बैङ्कका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनामा मोबाइल बैङ्किङ प्रयोगकर्ताको संख्या दुई करोड ७८ लाख ३३ हजार ८९ छ भने मोबाइल बैङ्किङमार्फत कुल दुई खर्ब ९१ अर्ब ९५ करोडबराबरको कारोबार भएको देखिन्छ । पछिल्लो समय आफूलाई आवश्यक वस्तुको किनबेच, इन्टरनेट, टेलिफोन, मोबाइल, विद्युत्, खानेपानी, सेयर खरिद, बिमालगायतको बिल भुक्तानी, यातायात, चलचित्र र अन्य मनोरञ्जनको टिकट खरिद जस्ता सम्पूर्ण कार्य मोबाइल बैङ्किङमार्फत हुने गरेको छ ।

कनेक्ट आइपिएस, मोबाइल बैङ्किङ, क्युआर कोर्ड, इसेवा र नमस्ते-पे जस्ता वालेट सेवाको प्रयोग बढ्दै जाँदा सिमकार्ड दुरुपयोगबाट हुन सक्ने अपराधको क्षेत्र र मात्रा पनि बढ्दै गएको छ । सामाजिक सञ्जाल, इमेल र अन्य इन्टरनेटमार्फत पठाइने ओटिपी कोड, पासवर्ड र पिनकोड मोबाइलमा आउने हुँदा सिम र मोबाइललाई सुरक्षित राख्नु आवश्यक छ । राज्यले डिजिटल नेपालको अवधारणा र कारोबारलाई प्राथमिकता दिँदै गर्दा नागरिकमाथि जालसाझी, ठगी र अन्य जघन्य अपराधका घटना नहोऊन् भनेर नागरिकलाई बचाउन प्रयोगसँगै साक्षरता र सचेतना अभिवृद्धि गर्न आवश्यक छ ।

साइबर अपराधीले विभिन्न माध्यमबाट व्यक्तिका डाटा (तथ्याङ्क) प्राप्त गर्ने गर्छन् । कैयौँ अवस्थामा आफ्ना ग्राहकको डाटा कम्पनी र कम्पनीमा काम गर्ने कर्मचारीले नै पैसाको प्रलोभनमा बिक्री गर्ने गर्छन् । जसका आधारमा लक्षित व्यक्तिका नागरिकता, राहदानी, इजाजतपत्र तथा अन्य बैङ्किङ क्षेत्रमा समेत पहुँच पुऱ्याउन सक्छन् । त्यसलाई लिएर मोबाइल सेवा प्रदायक कम्पनीमा गई नक्कली सिमकार्ड निकाल्ने गरेको देखिन्छ । यसरी सिमकार्ड निकाल्दा पुरानो बन्द हुने र नयाँ साइबर अपराधीका हातमा पुग्दा माथि

❖ बाँकी तेस्रो पृष्ठमा

# वडा सदस्यलाई तालिम



बिर्तामोड(प्रस) । वडा सदस्यहरुको लागि एकदिने क्षमता विकास तालिम बिर्तामोडमा सम्पन्न भएको छ। तालिमको नगर प्रमुख पवित्रा महतारा प्रसाईले ब्यानर वाचन गरेर उद्घाटन गरेकी थिइन् ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले यस प्रकारका तालिम, गोष्ठीले काममा आत्मविश्वास् बढ्ने बताइन् । उनले तालिममा सिकेको कुरालाई व्यवहारमा कार्यान्वयन गर्न आग्रह गर्दै जनप्रतिनिधिले जिम्मेवार ढंगले प्रस्तुत हुनु पर्ने धारणा व्यक्त गरिन् ।

यस्तै उप प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले जनप्रतिनिधिले पार्टीगत आधारमा नभई स्वतन्त्र र न्यायिक ढंगले जनतालाई सेवा सुविधा दिनु पर्नेमा जोड दिए ।उनले स्थानीय सरकारको सुशासन दिने कुरामा ५५ जना जनप्रतिनिधि नै लागेको बताए ।

विकास योजनाको अवधारणा, स्थानीय तहको योजना प्रक्रिया, स्थानिय सुशासन र जवाफदेहिता, जलवायु परिवर्तनमा स्थानीय तहको भूमिका, उपभोक्ता समिति र लेखा पद्धतिलगायतका विषयमा तालिम प्रदान गरिएको छ । नगरपालिकाका योजना शाखा प्रमुख जय तिम्सिना, लेखा अधिकृत तेजेन्द्र तामाङ, गैरसरकारी संस्था महासंघका प्रदेश सचिव सोमराज ढकाल र झापा सचिब विजय तिम्सिनाले प्रशिक्षण दिएको जनाइएको छ ।

गैरसरकारी संस्था महासंघको सहयोगमा बिर्तामोड नगरपालिकाले आयोजना गरेको तालिममा ४३ जनाले सहभागिता जनाएका थिए । तालिम उद्घाटन कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, गैरसरकारी संस्था महासंघका अध्यक्ष कृष्णप्रसाद दंगाल, महासंघका केन्द्रीय सदस्य छवि खतिवडा, कोषाध्यक्ष मनोज घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

# अर्जुनधारामा निःशुल्क आँखा शिविर



बिर्तामोड(प्रस)। वीरता लेडी जेसीजले शनिबार झापाको अर्जुनधारा-६ स्थित गरमकाली मन्दिरमा निःशुल्क आँखा शिविर सम्पन्न गरेको छ। मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा शिविर आयोजना गरिएको थियो ।

आँखा शिविरमा ३९० जनाले आँखा जाँच गराएको वीरता लेडी जेसीज सन् २०२४ की अध्यक्ष मेनुका ओलीले बताइन् । अध्यक्ष ओलीका अनुसार नौ जनामा मोतिया बिन्दुको सङ्क्रमण भेटिएको छ ।मोतिया बिन्दु देखिएका ती बिरामीको मेची आँखा अस्पतालमा निःशुल्क शल्यक्रियाको व्यवस्था मिलाइएको अध्यक्ष ओलीले जानकारी दिइन् ।

आँखा जाँच गराएकाहरूलाई अस्पतालकै व्यवस्थापनमा औषधि र चश्मा निःशुल्क वितरण गरिएको थियो ।

अर्जुनधारा वडा नम्बर-६ का वडाध्यक्ष हरिश्चन्द्र बाँस्तोलाको प्रमुख आतिथ्यमा आयोजित शिविरमा बिहानी टोल सुधार समितिका अध्यक्ष गोपाल चुडाल, लालीगुराँस महिला समूहकी अध्यक्ष मीना चुडाल, आँखा अस्पतालका तर्फबाट नेत्र सहायक निरज दाहाल र अप्टिकल डिपार्टका नेत्रा अधिकारीको आतिथ्य रहेको थियो ।

समुदायका नागरिकलाई सेवा उपलब्ध गराउने उद्देश्यले आयोजित कार्यक्रमको औचित्यमाथि लेडी जेसीजकी पूर्व अध्यक्ष संगीता चिमरियाले प्रकाश पारेकी थिइन् ।

# खोटाङमा ६० जना क्षयरोगी



झापा(प्रस) । दश स्थानीय तह रहेको खोटाङमा ६० जना क्षयरोगको सङ्क्रमण भएको व्यक्ति भेटिएका छन् । स्वास्थ्य कार्यालय खोटाङले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९-८० को प्रतिवेदनअनुसार दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा १८, हलेसी तुवाचुङ नगरपालिकामा १७, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा छ, खोटेहाङ र ऐँसेलुखर्क गाउँपालिकामा पाँच-पाँच, केपिलासगढी गाउँपालिकामा तीन, रावाबेँसी र साकेला गाउँपालिकामा दुई-दुई तथा जन्तेढुङ्गा र बराहपोखरी गाउँपालिकामा एक-एकजना व्यक्तिमा क्षयरोगको सङ्क्रमण देखिएको हो ।

स्वास्थ्य कार्यालय खोटाङले शनिवार आयोजना गरेको क्षयरोग मुक्त अभियानसम्बन्धी अभिमुखीकरण कार्यक्रममा पाँच आर्थिक वर्षको तथ्याङ्क प्रस्तुत गरेको थियो । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा आर्थिक वर्ष २०७५-७६ मा ६०, २०७६-७७ मा १५, २०७७-७८ मा ३० तथा आर्थिक वर्ष २०७८-७९ मा ४१ जना सङ्क्रमित रहेको तथ्याङ्कमा उल्लेख छ ।

पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्कलाई हेर्दा जिल्लामा क्षयरोगीको संख्या बर्सेनि वृद्धि हुँदै गएपछि निवारण गर्न दुईवटा स्थानीय तहका लागि मन्त्रालयबाट बजेट तथा कार्यक्रम आएको स्वास्थ्य कार्यालय खोटाङका प्रमुख जीवनकुमार चम्लागाईंले जानकारी दिएका छन् । "क्षयरोग निवारण गर्न नेपाल सरकारले स्थानीय सरकारलाई जबाफदेही बनाउने कार्यक्रमहरू ल्याएको छ । यसैअन्तर्गत यस वर्ष दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका लागि रु ३० लाख ९७ हजार र हलेसी तुवाचुङ नगरपालिकाका लागि रु २७ लाख ८५ हजार बजेट प्राप्त भएको छ", उनले भने, "दुईवटा स्थानीय तहमा बढी सङ्क्रमित भेटिएकाले मन्त्रालयबाटै बजेट तथा कार्यक्रम आएको हो । अन्य स्थानीय तहमा कार्यालयबाटै नियमित कार्यक्रम सञ्चालन हुन्छ ।"

क्षयरोग मुक्त नेपाल अभियान खोटाङका संयोजक एवम् जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले जिल्लामा देखिएका समस्या समाधानका लागि सबैले हातेमालो गर्नुपर्ने बताएका छन् । "क्षयरोग मुक्त नेपाल अभियान सबैको साझा कार्यक्रम हो । यसलाई सफल पार्न सबैको सहकार्य आवश्यक छ", उनले भने, "नेपाल सरकारको यो अभियानलाई जनस्तरसम्म पुऱ्याउनुपर्छ । यसलाई नेपाल सरकारको कार्यक्रम त हो भनेर औपचारिकता पूरा गर्नपट्टि मात्र लाग्नु हुँदैन ।"

## सिमकार्ड...

उल्लिखित सम्पूर्ण क्षेत्रको पहुँच असम्बन्धित व्यक्तिसँग रहने गर्छ ।

खास गरी 'सिम स्वाप फर्ड' मा साइबर अपराधीले पुरानो प्रयोग गरिरहेका व्यक्तिलाई सिमकार्ड नक्कली भएको थाहा नहोस् भनेर एक विन्डोको प्रयोग गरी नयाँ निकालिएको डुब्लिकेट सिमकार्डमा पिन, ओटिपी र पासवर्ड जस्ता सन्देश एसएमएस (सर्ट म्यासेज सर्भिस) मार्फत आउँदै गर्दा पुरानो सिमकार्डमा मिसकल देखाउने प्रविधिको समेत प्रयोग गरेका हुन्छन् । यसले गर्दा सम्बन्धित सिमकार्ड धनीलाई थाहा हुँदैन कि आफ्नो सिमकार्ड बन्द छ वा डुब्लिकेसन भइसकेको छ । कैयौं घटनामा पीडितसँग बुझ्दा कुनै पनि पिन, ओटिपी र पासवर्ड आफूलाई नआएको, मात्र मिसकल आएको बताउने गरेका छन् तर खाता भने शून्य हुने गरेको छ । हामीले बुझ्नुपर्ने के हो भने मोबाइलमा बारम्बार मिसकल आएमा त्यो 'सिम स्वाप फर्ड' हुन सक्छ ।

पीडितलाई आउने प्रत्येक मिसकलसँगै अपराधीसँग भएको डुब्लिकेट सिमकार्डमा एसएमएसमार्फत पिन, ओटिपी र पासवर्ड गइरहेको हुन्छ, जसका कारण एक मिसकलमा सम्पूर्ण बैङ्क खाता शून्य हुन सक्छ । माथि उल्लिखित भक्तपुरका घटनामा पनि अपराधीले 'सिम स्वाप फर्ड' मार्फत व्यवसायीको रकम चोरी गरेको देखिन्छ । यसरी बारम्बार मिसकल आएमा सिमकार्ड प्रयोगकर्ता समयमै सचेत भएर सम्बन्धित सिमकार्ड वितरक कम्पनीमा आफ्ना नामको सिमकार्ड 'रिप्लेस' जारी भएको छ/छैन, बुझ्नु पर्छ । सिमकार्ड 'रिप्लेस' भएको देखिएमा सिमकार्ड किन्दा सँगै आएको सेक्युरिटी कोड प्रयोग गरी वा कम्पनीलाई भनी सिमकार्ड बन्द गर्न लगाउनु पर्छ; जसले गर्दा अपराधीले सिमकार्डको दुरुपयोग गरेर थप अपराध गर्न पाउँदैनन् ।

मोबाइल मर्मत केन्द्रहरूमा मर्मतका लागि मोबाइल छाड्दा हार्डवेयर प्रयोग गरेर दुई मोबाइल सेटमा एउटै नम्बर चल्ने गरी विगतमा 'सिम स्वाप फर्ड' गर्ने गरेको पाइन्छ । पछिल्लो समय भर्चुअल प्रविधिको ई-सिम प्रयोगमा आएसँगै प्रयोगकर्ताले पहिलाको जस्तो कुनै भौतिक सिमकार्ड नपाउने हुँदा सुरक्षित रूपमा क्युआरकोड नराखी जथाभावी राख्नाले अपराधीका हातमा क्युआरकोडमार्फत सिमकार्ड पुगी सिम फर्ड हुने गरेको छ ।

### सिमकार्ड दुरुपयोगबाट हुने अपराध

सिमकार्डको दुरुपयोग हुँदा त्यस्ता सिमकार्डमार्फत पैसा, पिन कोड, ओटिपी कोड, पासवर्ड चोरी, धम्की, गाली, बेइज्जति, हत्या, अन्य व्यक्तिका सामाजिक सञ्जाल तथा आर्थिक कारोबार नियन्त्रण, गोप्य सूचना थाहा पाउने र त्यसैलाई प्रयोग गरी ब्ल्याकमेलिङ गर्नेलगायतका गम्भीर प्रकृतिको फौजदारी अपराध हुने गरेको छ ।

### सिम स्वाप फर्डका कारण

साइबर अपराधीलाई सिमकार्ड वितरक कम्पनीका कर्मचारीले जानाजान पैसाको लोभमा परेर डुब्लिकेट सिमकार्ड दिनाले 'सिम स्वाप फर्ड' हुने गरेको छ ।

साइबर अपराधीले विभिन्न कम्पनीबाट डाटा किनेर वा चोरेर प्राप्त गरेको कागजपत्रका आधारमा सिमकार्ड वितरकलाई झुक्याएर, डुब्लिकेट सिमकार्ड निकाल्नाले 'सिम स्वाप फर्ड' हुने गरेको छ ।

मोबाइल मर्मत केन्द्रमा मर्मतका लागि मोबाइल छाड्दा हार्डवेयर थपेर दुई वटा मोबाइल सेटमा एउटै नम्बर चल्ने प्रविधिको प्रयोग गर्नले 'सिम स्वाप फर्ड' हुन सक्छ ।

विभिन्न आर्थिक प्रलोभन, चोरी, ठगी, ओटिपी, पिनकोड, पासवर्डलगायतका सूचना थाहा पाउन र अरूको विद्युतीय उपकरण नियन्त्रणमा राख्न 'सिम स्वाप फर्ड' हुने गरेको छ ।

### सावधानीका उपाय

आफ्ना नामको मात्रै सिमकार्ड प्रयोग गर्ने गरौं । अरूका नामको सिमकार्ड प्रयोग गर्दा जुनसुकै समयमा तपाईंले प्रयोग गरिरहेको सिमकार्ड अर्काले निकाल्न सक्छन् ।

आफ्ना नामको सिमकार्ड अरूलाई प्रयोग गर्न नदिनुहोस् । उक्त सिमकार्ड प्रयोग गरी कुनै अपराध भएमा स्वयं तपाईंले समेत दुःख पाउनु हुने छ, कैयौं अवस्थामा सजायसमेत भोग्नुपर्ने हुन सक्छ । यसैले आफ्नो कागजपत्र प्रयोग गरेर कहिल्यै अरूलाई सिमकार्ड झिकिदिने नगरौं ।

अरूका नाममा रहेको सिमकार्ड आफूले चलाइरहेको भएमा वा आफ्ना नामको सिमकार्ड अर्काले चलाइहेको भएमा तत्काल सम्बन्धित व्यक्तिका नाममा नामसारी गरेर सिमकार्ड चलाउने गरौं, सिमकार्डका कारण भविष्यमा आउन सक्ने झमेला र झन्झटबाट सुरक्षित बनौं ।

मोबाइल मर्मत केन्द्रहरूमा मोबाइल मर्मत गराउँदा हार्डवेयर जोडेर सिम स्वाप गर्ने गरेका घटना समय समयमा हुने गरेका छन् । यसैले विश्वासिलो र भरोसायोग्य मर्मत केन्द्रमा मात्रै मोबाइल मर्मत गराऔं, सिम स्वाप हुनबाट बचौं ।

आफूले चलाइरहेको सिमकार्ड नचलेमा तत्काल सम्बन्धित सिमकार्ड बिक्रेता कम्पनीमा सम्पर्क गरी कारण बुझौं । कुनै फर्ड भएको जानकारी पाइएमा सिमकार्ड किन्दा प्राप्त सेक्युरिटी कोड प्रयोग गरेर सिमकार्ड बन्द गरौं ।

मोबाइल सेट वा सिमकार्ड हराएमा आफूसँग सेक्युरिटी कोड छ भने तत्काल बन्द गरौं । अन्यथा नजिकको सिमकार्ड बिक्रेता कम्पनीको ग्राहक सेवा केन्द्रमा गई बन्द गर्न लगाऔं ।

ई-सिमको क्युआर कोड जथाभावी नफालौं /नराखौं, जसले गर्दा साइबर अपराधीका हातमा आफ्नो सिमकार्ड नपुगोस् र कुनै समस्या झेल्न नपरोस् भनी सजग बनौं । ई-सिममा भौतिक कार्ड नहुने र क्युआर कोर्डले नै सिमको काम गर्ने भएकाले यसलाई सुरक्षित र गोप्य ढङ्गले राखौं, सामाजिक सञ्जालमा राख्ने नगरौं । कसैलाई पनि क्युआर कोड नदिऔं ।

मोबाइल सेट हराएमा वा मोबाइलमा कुनै शङ्कास्पद गतिविधि (अत्यधिक विज्ञापन आइरहेमा, बारम्बार मिसकल आइरहेमा, अस्वाभाविक मोबाइल तातिरहेमा, आफूले नचलाएका साइट र एपहरू चलेको देखिएमा आदि) भएको भान हुन आएमा तत्काल आफूले वित्तीय कारोबार गर्ने गरेका बैङ्क, ईसेवा, नमस्ते-पे र कनेक्ट आइपिएस जस्ता डिजिटल कारोबार गर्ने संस्थामा खबर गरी आफ्ना खाताबाट डेबिट आदेश रोक्न लगाउनुहोस् । यसले गर्दा आर्थिक क्षति हुनबाट बच्न सक्नुहुने छ । सामाजिक सञ्जाल, इमेल, मेरो सेयर, टिएमएस र डिम्याट खातालगायत अन्य महत्वपूर्ण डिजिटल क्षेत्रको पासवर्ड तत्काल परिवर्तन गर्ने गरौं । यस्ता अवस्थामा नेपाल प्रहरीमा समेत उजुरी गर्न नभुलौं, कथंकदाचित हराएको मोबाइल आपराधिक कार्यमा प्रयोग हुन गएमा प्रहरीलाई पूर्वजानकारी गरिएका कारण उक्त मोबाइलबाट कुनै अपराध भएमा दण्डसजाय भोग्नुपर्ने अवस्थाबाट बच्न सकिन्छ ।

आफ्नो नागरिकता, पासवर्ड र लाइसेन्स जस्ता सिमकार्ड निकाल्न प्रयोग हुने कागजपत्र तथा प्रतिलिपि जथाभावी प्रयोग नगरौं/नराखौं । कसैले दुरुपयोग गरी सिमकार्ड निकालेर आपराधिक कार्य गर्न सक्ने भएकाले सधैं सुरक्षित ढङ्गबाट प्रयोग गर्ने गरौं ।

बेनामे वा अपरिचित व्यक्तिका नाममा रहेको सिमकार्ड प्रयोग गरिरहनुभएको छ भने मोबाइल कम्पनीको प्रक्रिया पूरा गरी आफ्नो स्वामित्वमा सिमकार्ड ल्याई प्रयोग गर्ने गरौं ।

आफ्नो मोबाइल अपरिचित व्यक्तिलाई प्रयोग गर्न नदिऔं । केही मिनेट हाम्रो मोबाइल साइबर अपराधीका हातमा पर्न गएमा कुनै लिङ्क डाउनलोड गरिदिएका भरमा आफ्नो मोबाइल तेस्रो पक्षका नियन्त्रणमा जान सक्ने भएकाले सधैं मोबाइल सुरक्षित राखौं । अपरिचित व्यक्तिलाई दिनै परेमा आफूले प्रत्यक्ष निगरानी गरिराखौं ।

यसरी समाजमा भएका सिमकार्ड दुरुपयोगले निम्त्याउने समस्यालाई नजिकबाट नियाल्दा सम्बन्ध बिगँरदा आफ्नै परिवारका सदस्यले समेत सिमकार्डमार्फत ठगी गरेको भेटिन्छ। साइबर अपराधी वा अन्य जोसुकै व्यक्तिले जुनसुकै समयमा मौका मिल्नासाथ अपराध गर्न सक्ने भएकाले सिमकार्ड दुरुपयोबाट बच्न सही तरिकाले मोबाइल प्रयोग गर्न सिक्नु आवश्यक छ । राज्य, मोबाइल सेवा प्रदायक, साइबर अपराध न्यूनीकरणका लागि काम गर्ने जिम्मेवारी बोकेका सम्बन्धित निकाय र सरोकारवाला पक्षले मोबाइल प्रयोगकर्तामा थप साक्षरता कार्यक्रम चलाउनुपर्ने देखिन्छ। नागरिकले पनि आफू सजग हुँदै सुरक्षित ढङ्गबाट सिमकार्ड प्रयोग गर्ने बानी बसाल्नु अनिवार्य छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ। जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ। घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ। रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ। चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ। व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्।